**मैवाखोला राजपत्र**

**मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड (१) साँघु, माघ २८ गते २०७९ साल (संख्या ९)**

**भाग- १**

# मैवाखोला गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण व्यवस्थित गर्न बनेको ऐन - २०७९

**गाउँसभाबाट स्वीकृत मितिः२०७९।१०।२८**

**राजपत्रमा प्रकाशित मितिः२०७९।११।०८**

प्रमाणीकरण मिति:२०७९\११\०८

# मैवाखोला गाउँपालिकाको व्यवसाय दर्ता तथा नवीकरण व्यवस्थित गर्न बनेको ऐन, २०७९

## परिच्छेद-१

## प्रारम्भिक

**प्रस्तावना:** मैवाखोला गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका तथा संचालन गर्न चाहने व्यापार तथा व्यवसायहरुको दर्ता गर्न, नविकरण तथा खारेजी गर्न, नियमन तथा अनुगमन गरी स्थानीय व्यवसायहरुको तथ्याङ्क अद्यावधिक गर्न, व्यवसायमैत्री वातावरण तयार गर्न र ती व्यवसायहरुलाई करको दायरामा समेत ल्याउने नीतिगत व्यवस्था गरी स्थानीय बजारको प्रबर्द्धन तथा सहजिकरण गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम मैवाखोला गाउँपालिकाको गाउँसभाले यो ऐन बनाइ लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "मैवाखोला गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण व्यवस्थित गर्न बनेको ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागुहुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "मैवाखोला गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण व्यवस्थित गर्न बनेको ऐन, २०७९ लाई सम्झनु पर्छ ।

(ख) "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रशासकीय प्रमुखको रुपमा नियुक्त कर्मचारीलाई सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(ङ) "शाखा" भन्नाले राजश्व सम्वन्धी शाखा तथा उपशाखालाई सम्झनुपर्छ ।

(च) "कर" भन्नाले गाउँपालिकासँग सम्बन्धित प्रचलित ऐन, नियमावली र यो ऐन बमोजिम मैवाखोला गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको व्यवसायमा पूंजीगत लगानी, आर्थिक कारोवार क्षेत्रगत एवं व्यापारिक महत्वको आधारमा लगाउन सक्ने व्यवसायकरलाई सम्झनुपर्छ र यो शब्दले व्यवसाय करको अतिरिक्त लाग्ने थप शुल्क, कर, दर्ता, जरिवाना समेतलाई जनाउंछ ।

(छ) “कर दाता” भन्नाले दफा ५ बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका व्यक्ति,फर्म वा संघ/संस्थालाई सम्झनुपर्छ ।

(ज) “कर अधिकृत” भन्नाले यो निर्देशिका बमोजिम कर अधिकृतको काम गर्ने प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(झ) “व्यवसायी” भन्नाले मैवाखोला गाउँपालिका क्षेत्रभित्रे व्यापार तथा व्यवसाय संचालन गर्ने गरी गाउँपालिकामा व्यवसाय दर्ता गर्ने व्यक्ति/फर्म/संघ/संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद-२ दर्ता, संचालन तथा नवीकरण

३. **व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्नेः** गाउँपालिका क्षेत्रभित्र अनुसुचि-१ बमोजिमको कुनैपनि व्यवसाय संचालन गर्नु अघि यस ऐन बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ । यस अघि स्थापना भै संचालनमा रहेका व्यवसायहरु समेत यसै ऐन बमोजिम दर्ता गर्नुपर्नेछ ।

४. **व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्नेः** (१) गाउँपालिकाभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसुची-२ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो दरखास्त फाराममा देहायका कुराहरुहरू खुलेको हुनुपर्छः-

क) व्यवसायको नामः

ख) व्यवसायरहने ठेगाना

ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा

घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विववण

ङ) स्थिर पुँजीगत लगानी

च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम

छ) व्यवसायरहने घरधनी/जग्गाधनीको नाम/ एकाघरको सदस्यको भए मञ्जुरीनामा

ज) घर बहालमा व्यवसाय सन्चालन गरेको भए घर वहाल सम्झौता पत्र, धनिपुर्जा

झ) समय समयमा गाउँपालिकाले तोकिदिएको अन्य विवरणहरू

ञ) ब्यवसायीको नागरिकताको प्रतिलिपी, ३ प्रति पासफोटो

ट) चारकिल्ला प्रमाणित गरेको वडाको सिफारिस : यसरी वडाले सिफारिस दिँदा संधियारहरुको मञ्जुरिनामा उल्लेख भएको लिखित मुचुल्का समेतको आधारमा चारकिल्ला प्रमाणित गर्नुपर्नेछ ।

ठ) अन्यत्र व्यवसाय दर्ता र इजाजत प्राप्त भएको भए सोको विवरण तथा इजाजत र दर्ता प्रमाणपत्र नम्वर

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले यसउपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरू लिई व्यवसाय दर्ता गर्नेछ ।

(३) उपदउफा (२) बमोजिम व्यवसाय दर्ता भएपछि कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-३ बमोजिमको व्यवसाय दर्ता किताबमा उल्लेखगरी निवेदकलाई अनुसूची-४ को ढाँचामा व्यवसाय दर्ता प्रमाण पत्र उपलव्ध गराउनेछ ।

(४) एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय संचालन गर्नु पर्ने भएमा प्रचलित कानूनमा अन्यथा व्यवस्थागरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोबारस्थलको लागि लाग्ने थप कर सहित एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरूको एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस उपदफाले वाधा पुर्याएको मानिने छैन ।

**५. कर बुझाउने दायित्व :** (१) मैवाखोला गाउँपालिकाको आर्थिक ऐन बमोजिम कर बुझाउने दायित्व व्यवसाय दर्ता भएको व्यक्ति, फर्म वा निजको प्रतिनिधिको हुनेछ ।

(२) कुनै व्यवसाय एक भन्दा वढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई  कर बुझाउन वाध्य गर्न सकिनेछ ।

**६. व्यवसायको नविकरण गर्नुपर्नेः** दफा ४ बमोजिम दर्ता भएको व्यवसाय प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र व्यवसाय नविकरण गरी सक्नुपर्नेछ र नीजलाई गाउँपालिकाको कार्यालयले एक आर्थिक बर्षको अवधि खुलाई नविकरण गरिदिनुपर्नेछ । नविकरण शुल्क व्यवसाय दर्ता शुल्कको पचास प्रतिशत लाग्नेछ ।

**७. विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :** (१) दफा ४ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरूमध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा ३० दिनभित्र सोको जानकारी कार्यालयमा दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले आवश्यक जाँचवुझ समेत गरी संसोधित प्रकृतिको व्यवसायको तोकिएको कर रविवरणहेरफेर गरेवापत रु. ५००।- थप दस्तुर लिई विवरण संसोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

(३) व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम तथा व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दर भन्दा वढी लाग्ने भएमा सो फरक कर रकम समेत असूल गर्नु पर्नेछ ।

**८. साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्नेः**

(१) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उप दफा (१) बमोजिम निवदेन परेमा सम्बन्धित कार्यालयले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी वार्षिक करको दरमा ५०% वा रु.१०००।- मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई साझेदार थप गरिदिनु पर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा सञ्चालनमा रहेको पेशा व्यवसाय अर्को स्थानमा ठाउँसारीको लागि निवेदन परेमाकर अधिकृतले आवश्यक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिश जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिश प्राप्त भएकोमा ठाउँ सारी हुने वडा कार्यालयले ब्यवसाय दर्ता विवरणमा ठाउँ सारी जनाई साबिकको वडा कार्यालयमा ठाउँ सारीको जानकारी दिनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम ठाँउसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यवसायको लगत कितावमा ठाउँसारी जनाई लगत खारेज गुर्नपर्नेछ ।

(५) उपदफा (४) बमोजिम लगत खारेजको सिफारिश भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु व्यवसायी वा करदाताको कर्तव्य हुनेछ ।

(६) उपदफा (३) बमोजिम ठाउंसारी गर्न चाहने करदाताले ठाँउसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचवुझ गरी रु. १०००।- दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।

(७) यस ऐन बमोजिम ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्यसम्बन्धित कार्यालयको हुनेछ ।

## परिच्छेद-३

## विवरण माग गर्ने, निर्देशन दिने, अनुगमन गर्न सक्ने तथा अनुमति लिनु पर्ने

**९. कार्यालयले विवरण माग गर्न, निर्देशन दिन र अनुगमन गर्न सक्ने :** (१) कुनै खास पेशा, व्यवसाय वा व्यापारको सम्बन्धमा केही कुरा वुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्नसक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित व्यवसायीको हुनेछ।

(२) उपदफा (१) बमोजिम विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथाव्यवसाय स्थलगत अनुगमन वा जाँचवुझ गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम दर्ता भएका पेशा, व्यवसाय सञ्चालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ ।

(४) यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

**१०. व्यवसाय सञ्चालनको अनुमति लिनु पर्ने :** (१) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्वन्धित निकायबाट प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्वन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायीको हुनेछ ।

(२) यस ऐन बमोजिम कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय सञ्चालन गर्ने अनुमति पाएको मानिने छैन ।

## परिच्छेद-४
## विविध

**११. व्यवसाय दर्ता खारेज गर्न सकिनेः** (१) यस ऐन बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय सञ्चालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(३) ऐन, नियमावली र यस ऐन बमोजिम दर्ता भएको व्यवसाय वन्द गर्न चाहेमा मनासिब कारण खुलाईव्यवसायीले सम्वन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरीचालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि गाउँपालिकामा सिफारिस सहित पठाउनु पर्ने छ । गाउँपालिकाले कागजात अध्ययन गरी लगत कट्टा वापत लिईनेसेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(५) प्रचलित कानून विपरितको कारोबार गरेमा वा पेशा सञ्चालन गरेमा र व्यवसाय सञ्चालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह व्यवसायीबाट असुल गरिनेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व व्यवसायीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) यस दफा अन्तर्गतको उपदफा(५) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध व्यवसायीको नाममा गाउँपालिकामा २ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरी संचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता व्यवसायीको विवरण सार्वजनिक गरिनेछ ।

**१२. जरिवाना तथा थप दस्तुर लाग्नेः** (१) यस ऐनमा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५० प्रतिशत जरिवाना लिई असुल उपर गरिनेछ ।

(२) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नवुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक १०० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।

**१३. प्रतिलिपि दिने सक्नेः** व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महलखाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा कार्यालयले आवश्यक जांचवुझ गरी प्रतिलिपि दस्तुर रु २०० लिई नयां प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

**१४. व्यवसाय संचालन नभएको सिफारिस दिन सक्नेः** प्रचालित कानून बमोजिम दर्ता भएका व्यवसाय सञ्चालन नै नभएकोले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा सो प्रकृतिको व्यवसायमा लाग्ने वार्षिक करको ५० प्रतिशत वा रु. १०००।- मध्ये जुन वढी हुन्छ सो वराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

**१५. व्यवसाय दर्ता/नविकरण नगरी संचालन गरेमा कारवाही हुनेः** (१) प्रचलित कानून र यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाईएमा वडा कार्यालय वा कार्यालयले सम्बन्धित व्यवसायीलाई ३५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले ३५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरू वन्द गर्न सक्नेछ । साथै नेपाल सरकारको सहयोग लिई सरकारी निकाय तथा अन्य सार्वजनिक संस्थानबाट प्रवाह हुने सेवा, सुविधाहरू वन्द गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय वन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ ।

**१६. परिचय पाटी वा सूचना पाटी राख्नुपर्ने :** व्यवसायीले व्यवसाय रहने स्थानमा देखिने गरी व्यवसायको नाम , दर्ता नं., दर्ता मिति, स्थायी ठेगाना, व्यवसायीको नाम,थर, स्पस्ट खुल्ने गरि ४*३ फिटमा नबढ्ने गरी परिचय पाटी राख्नु पर्नेछ ।

**१७. वाधा अडकाउ फुकाउने अधिकार :** (१) यो ऐन लागु हुनुभन्दा पहिले दर्ता भई संचालनमा रहेका व्यवसायहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

(३) यस ऐन कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार मैवाखोला गाउँपालिकालाई हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम र नलेखिएकोमा प्रचलित संघीय र प्रादेशिक कानून वमोजिम हुनेछ ।

**अनुसूची- १**
**दफा ३ सँग सम्बन्धित**
**व्यवसायको विवरण**

| सि.नं. | विवरण |
|---|---|
| १ | व्यापारिक वस्तु |
| १.१ | सुन चाँदी बिक्रेता |
| १.२ | भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादकवितरक/ |
| १.३ | चुरोटरक्सी , |
| | क) थोक बिक्रेता |
| | ख) खुद्रा बिक्रेता |
| १.४ | हलुका पेय पदार्थको थोक बिक्रेता |
| २ | निर्माण सामग्री |
| | क) सिमेन्ट, छड, धातुका निर्माण सामानको थोक बिक्रेता |
| | ख) सिमेन्ट, छड, धातुका निर्माण सामानको खुद्रा बिक्रेता |
| | ग) अन्य निर्माण सामग्रीहरु |
| ३ | कम्प्युटर र सो संग सम्बन्धित सामान बिक्री तथा मर्मत सेवा |
| ४ | विद्युतसोलार विक्रेता/ |

| | |
|---|---|
| | क) बिजुलीको सामान थोक बिक्रेता |
| | ख) विजुलीका सामान खुद्रा विक्रेता |
| | ग) सौर्य उर्जाबाट चल्ने विद्युतीय सामग्री विक्रेता |
| ५ | रेडियो, घडी, मोबाईल तथा विद्युतिय सामाग्रिको विग्रि वितरण |
| ६ | फर्निचरका सामान तथा कार्पेट विक्रेता |
| ७ | पेट्रोलियम पदार्थ |
| | क) आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्रेता |
| | ख) ग्यास तथा मट्टितेल विक्रेता |
| ८ | खाद्यान्न किराना पसल |
| | क) थोक बिक्रेता |
| | क) खुद्रा बिक्रेता |
| ९ | फलफुल तथा तरकारी विक्रेता |
| १० | देश तथा विदेशी कपडा, तयारी पोसाक र जुत्ता विक्रेता |
| ११ | अन्य सेवा |
| | क) ब्यूटी पार्लर, केश श्रृङ्गार तथा सैलुन, ड्राई क्लिनर्स, फोटो स्टुडियो, सिलाई सेवा |
| | ख) पेन्टिङ्ग सेवा |
| | ग) पशु वधसाला |
| | घ) मासु विक्रेता |
| १२ | पुल हाउस, व्याडमिन्टन हल , फुटसल |
| १३ | सिसा प्लाईउड विक्रेता |
| १४ | भाँडाकुडा विक्रेता |
| १५ | स्टिल तथा अन्य रेडिमेड फर्निचर विक्रेता |
| १६ | खेलौना तथा उपहार (गिफ्ट) र कस्मेटिक विक्रेता |
| १७ | केवुल/ नेटवर्किङ्ग सेवा |
| १८ | डेरी उद्योग |
| | क) चिस्यान केन्द्र |
| | ख) डेरी |
| १९ | कफी सप |
| २० | परामर्श सेवा |
| २१ | ढुवानीकर्ता कम्पनी |

| | |
|---|---|
| २२ | उत्पादनमूलक उद्योग |
| | क) ब्लक, इट्टा तथा प्लास्टीक उद्योग |
| | ख) अन्य साना घरेलु उद्योग |
| | ग) कलर ल्याब |
| २३ | फर्निचर उद्योग |
| | क) ट्रली समेत राखेको स- मिल उद्योग |
| | ख) स-मिल तथा फर्निचर बनाउने उद्योग |
| | ग) सामान्य फर्निचर उद्योग |
| २४ | उर्जामूलक उद्योग |
| | क) १ करोडसम्मका |
| | ख) १ करोडभन्दा बढीको |
| २५ | कृषि, पशुपंक्षी तथा वनजन्य उद्योग |
| | क) पचास लाख भन्दा माथि पूँजी भएको |
| | ख) पन्ध्र देखि पचास लाखसम्मका |
| | ग) पाँच देखि पन्ध्र लाखसम्मका |
| | घ) पाँच लाखसम्मको |
| २६ | खनिज उद्योग |
| २७ | पर्यटन उद्योग |
| २८ | सेवा उद्योग |
| | क) अफसेट प्रेस |
| | ख) लेजर प्रेस |
| | ग) कोल्ड स्टोर तथा फास्ट फुड विक्रेता |
| | घ) अडियो क्यासेट विक्रेता |
| | ङ ) हवाई सेवा बुकिङ काउन्टर |
| | च) सार्वजनिक परिवहन बुकिङ काउन्टर |
| २९ | क्रसर तथा बालुवा प्रशोधन उद्योग |
| ३० | संचार सेवा (रेडियो एफ.एम.) |
| | क) फोन, फ्याक्स, इमेल, इन्टरनेट तथा फोटोकपी सेवा |
| | ख) कुरियर सेवा |
| | ग) अखबार छपाई तथा प्रकाशन |
| | घ) रेडियो एफ.एम. |
| | ङ) केबुल टेलिभिजन |
| | च ) अनलाइन पोर्टल |

| | |
|---|---|
| ३१ | पत्रपत्रिका, स्टेशनरी तथा पुस्तक विक्रेता |
| ३२ | वित्तीय सेवा |
| ३२.१ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने क बर्गका बैंकको शाखा |
| ३२.२ | नजी क्षेत्रको आर्थिक कारोवार गर्ने ख बर्गका बैंकको शाखा |
| ३२.३ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने ग बर्गका बैंकको शाखा |
| ३२.४ | निजी क्षेत्रको आर्थिक कारोवार गर्ने घ बर्गका बैंकको शाखा |
| ३२.५ | वीमा कम्पनी शाखा |
| ३२.६ | सहकारी बैंक तथा अन्य वित्तिय संस्था |
| ३३ | सहकारी संस्था |
| | क) दस लाखभन्दा बढी पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ख) दस लाखसम्म पुँजी भएको बचत तथा ऋण सहकारी संस्था |
| | ग) अन्य सहकारी संस्था |
| ३४ | स्वास्थ्य सेवा |
| | क) गैर सरकारी अस्पताल |
| | ख) नर्सिङ होम/पोलिक्लिनिक |
| | ग) आयुर्वेद औषधि पसल |
| | घ) औषधि पसल |
| | ङ) फार्मेसी |
| ३५ | तालिम केन्द्र |
| | क) टाईपिङ तथा कम्प्यूटर इन्स्टिच्यूट र भाषा प्रशिक्षण |
| | ख) सिलाईबुनाई तथा अन्य साना प्रशिक्षण केन्द्र |
| ३६ | मर्मत सम्भार/वर्कशप |
| | क) हेवी ईक्युपमेन्टस्, बस, ट्रक, जिप, कार, ट्याक्टर<br>ख) मोटरसाईकल, टेम्पो |
| | ग) टि.भि., फ्रिज, मोटर, पंखा, हिटर |
| | ङ) मोटसाईकल मर्मत तथा बिक्री |
| ३७ | विविध व्यवसाय |
| ३७.१ | कपडा, जुत्ता तथा फेन्सी पसल |
| ३७.२ | मेसीनरी पार्टपूजा पसल |
| ३७.३ | खाना तथा नास्ता पसल |
| ३७.४ | मिठाई तथा चिया पसल |
| ३७.५ | पोल्ट्री, पशु फर्म/दाना डिपो/एग्रोभेट |

| | |
|---|---|
| ३७.६ | कन्सल्टेन्सी |
| ३८ | सप्लार्यस |
| | क) एक लाख भन्दा बढीको सामान सप्लायर्स |
| | ख) एक लाखसम्मको सामान सप्लायर्स |
| | ग) पचास हजारसम्मको सामान सप्लायर्स |
| ३९ | टेन्ट हाउस |
| ४० | रासायनिक मल, विषादी पसल तथा बिउ विजन विक्रेता |
| ४१ | सुर्ती पसल थोक तथा खुद्रा विक्रेता |
| ४२ | मील (कुटानी पिसानी) |
| ४३ | संस्था दर्ता |
| ४३.१ | नाफामुलक |
| ४३.२ | गैरनाफा मुलक |
| ४४ | अन्तराष्ट्रिय गैर सरकारी संस्था |
| ४५ | कवाडी व्यवसाय |
| ४६ | क)होटल, रिसोर्ट ,लज तथा रेष्टुरा , होमस्टे |
| | क) वर्ग |
| | ख) वग |
| | ग) वर्ग |
| ४७ | निर्माण व्यावसाय |
| | -“घ” बर्गका |
| ४८ | ईट्टा उद्योग |
| ४९ | कृषि, मत्स्य तथा पशु पन्छी |
| ४९.१ | कृषि फर्म |
| ४९.२ | पशु पन्छी फर्म |
| ४९.३ | कृषि तथा पशु पन्छी फर्म |
| ४९.४ | मत्स्य  फर्म |

## अनुसूची-२
## ऐनको दफा ४ को उपदफा (१) सँग सम्बन्धित
## व्यवसाय दर्ता/नवीकरण निवेदन फाराम

**श्रीमान प्रमुख प्रशासकीय अधिकृत**

**मैवाखोला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**साँघु, ताप्लेजुङ ।**

विषयः व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमति पाउँ ।

मैले/हामीले निम्न स्थानमा ............................................... व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । नियमानुसार लाग्ने कर, दस्तुर बुझाउनुको साथै गाउँपालिकाबाट समय समयमा दिइने आदेश/निर्देशन समेत पालन गर्न मन्जुर छु/छौं । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरू ठीक साँचो रहेको र फरक परे कानून बमोजिम कार्वाही भएमा मन्जुर छु/छौ ।

१. व्यवसायीको नाम, थर : ...............................................

(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगाना : ........... जिल्ला ............ गा.पा. .......वडा नं. ........ मार्ग ......... घर नं. ..............................

३. बाबुको नाम, थर : ..................................................................

४. व्यवसाय रहने स्थानको ठेगाना : वडा नं. ........ मार्ग .......... घर नं. .........

५. सम्पर्क फोन नं. ............................ इमेल : ............

६. भाडामा रहेको भए व्यवसाय रहने घर र जग्गा को घरधनीको नाम, थर : .......................................

७. ठेगाना : ................. वडा नं. ................ घर नं. .......

८. व्यवसायको विवरण /प्रकृति : ...............................................

९. पूँजीगत लगानी रु. .......................

१०. फर्म/कम्पनीको नाम : ..................................................................

११. परिचय पाटीको साइज : (लम्बाई ............. चौडाई ........... वर्गफिट .................)

१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. ...................................../कार्यालय : .........

१३. संलग्न गर्नुपर्ने कागजातहरू : आफनै घर जग्गा भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१ विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो ३ प्रति, फर्म कम्पनी

भएमा दर्ता, इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

..............................

निवेदकको दस्तखत

मिति : ........................

**कार्यालय प्रयोजनका लागि मात्रः-**

निवेदन दस्तुर : ............................ दर्ता दस्तुर .......................व्यवसाय कर ............. परिचय पाटी दस्तुर.......................जरिवाना .................... जम्मा ............................ व्यवसाय प्रमाण पत्र नं. :

.................                                                    ..................

पेश गर्ने                                                    स्वीकृत गर्ने

अनुसूची-३

ऐनको दफा ४ को उपदफा (३) सँग सम्बन्धित

मैवाखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

व्यवसाय दर्ता किताव

| क्र.सं. | दर्ता नम्बर | व्यवसायी नाम थर | ठेगाना | व्यवसाय को प्रकृति | पूँजी | एकलौटी वा साझेदारी | दर्ता मिति | फोटो | व्यवसायिको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची-४**

**ऐनको दफा ४ को उपदफा (३) सँग सम्बन्धित**

**मैवाखोला गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**प्रदेश नं.१**

फोटो

व्यवसाय दर्ता प्रमाण-पत्र

करदाता नं. ................ दर्ता मिति : २०७ / / गते

प्रमाणपत्र नं.:

जिल्ला.......................... गाउँपालिका वडा............बस्ने श्री ........................ ..... लाई निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।

व्यवसायकोनाम : ..................................................................

व्यवसाय रहनेस्थान : ............. गाउँपालिका वडा नं.: ..............

बाटोकोनाम ................................. घर नं ................ टोल ...............................

व्यवसाय रहनेघर/जग्गाधनीकोनाम : ..............................

व्यवसायकोप्रकृति : .................................

विवरण परिचयपाटीकोसाइज : ..............................................

पूंजीगत लगानी (रु. मा) : ............................................

........................... ............................

व्यवसायीको हस्ताक्षर स्वीकृत गर्नेको हस्ताक्षर

पालना गर्नुपर्ने शर्तहरु

(१) प्रत्येक आर्थिक वर्षको लागि तोकिएको वार्षिक कर उक्त आ.व.को ३ महिना दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ ।गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिनेछ ।

(२) व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

(३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाउँपालिकाको सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ।

(४) यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्छरगाउँपालिकाको कर्मचारीहरूले हेर्न चाहेको बखतमा तुरुन्त देखाउनु पर्छ ।

(५) कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरू प्रयोग गर्न पाइने छैन यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ ।

(६) व्यवसायबाट उत्पादन हुने फोहरमैला उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायीको हुनेछ ।

(७) व्यवसाय सञ्चालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशानको पालना गर्नु व्यवसायीको कर्तव्य हुनेछ ।

(८) उल्लेखित शर्तनामाहरू पालना नगरेमा गाउँपालिकाले जुनसकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेतगर्न सक्नेछ ।

(९) यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवासय प्रचालित कानून बमोजिम कुनै निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्नुपर्ने भएमा सो समेत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**